# विराटनगर महानगरपालिका

**बैठक संख्या:** १४ | **बैठक प्रारम्भ:** दिउसो २:०० बजे
**मिति:** २०७५/०१/०९ | **बैठक स्थगन:** : ३।३०

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री प्रदीप कुमार निरौला | |

**निर्णय नं. १**

विराटनगर महानगरपालिकाका निर्वाचित पदाधिकारीहरुलाई निम्नानुसारको पारिश्रमिक उपलब्ध गराउने ।

| क्र.स. | पद | संख्या | मासिक पारिश्रमिक | वार्षिक पारिश्रमिक |
|---|---|---|---|---|
| १ | प्रमुख | १ | ५०,०००।०० | ६००,०००।०० |
| २ | उपप्रमुख | १ | ४५,०००।०० | ५४०,०००।०० |
| ३ | वडा अध्यक्ष | १९ | ३०,०००।०० | ६,८४०,०००।०० |
| ४ | कार्यपालिका सदस्य | ८ | १५,०००।०० | १,४४०,०००।०० |
| ५ | वडा सदस्य | ७१ | ६,५००।०० | ५,५३८,०००।०० |
| | जम्मा: | | | १४,९५८,०००।०० |

**निर्णय नं. २**

विराटनगर महानगरपालिमा प्राविधिक कर्मचारीहरुको परिपुर्तिका लागि "करारमा प्राविधिक कर्मचारी सम्बन्धी कार्यविधि, २०७५" स्वीकृत गर्ने ।

**निर्णय नं. ३**

विराटनगर ४ निवासी जुगल यादब समेतले मालपोत कार्यलय, मोरङ्बाट राजिनामा लिखतबाट खरिद गरेको भनि पेश गरेको ज. ध. प्र. पुर्जामा जग्गाधनी रामधुनी गुठी र मोही महलमा बेचु यादब जनिएको तथा यस कार्यालयबाट अमिन खटाई स्थलगत नापजाँच प्रतिवेदनबाट उक्त जग्गामा निवेदकहरुको घर बसोबास भोगचलन भई आएको व्यहोरा उल्लेख भएको कि.नं. २९५ को क्षेत्रफल ०-४-८ सम्म नहर कायम भएको भन्ने देखिदा यसमा जग्गा नामसारी दा.ख. दर्ता गर्ने निकाय मालपोत कार्यालयको क्षेत्र भित्र पर्ने हुँदा आवश्यक कार्वाहीको लागि कागजात सहित मालपोत कार्यालय, मोरङ्ग विराटनगर पठाउने ।

## निर्णय नं. ४

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाले आ.ब. २०७४/०७५ मा रोलर, ग्रेडर जस्ता हेभी इक्युपमेन्ट सामान खरिदका लागि पर्न आएका बोलपत्रहरु मध्ये सबैभन्दा कम अंक कबोल गर्ने म्याप इन्टरप्रेनर्स प्रा.लि. काठमाण्डौले वाटर टेंकरको रु ३०,६०,०००।- (तिस लाख साठ्ठी हजार ) भ्याट बाहेक, म्याप इन्टरप्रेनर्स प्रा.लि. काठमाण्डौले रोड स्वीपर भ्यकुमको कबोल गरेको रकम रु ५५,००,०००।- (पचपन्न लाख ) भ्याट बाहेक र केशरीचन्द भवरलालले रोलरको रु ३४,४५,०००।- (चौतिस लाख पैंतालिस हजार) कबोल गर्ने सप्लायर्सहरुसँग माथि उल्लेखित सवारी साधन खरिदका लागि सम्झौता गर्ने र मोटर ग्रेडर खरिदका लागि केशरीचन्द भवरलाल सप्लायर्सले कबोल गरेको रकम रु. १,०५,९५,०००।- (एक करोड पाँच लाख पन्चानब्वे हजार ) भ्याट बाहेकको रकम यस महानगरपालिकाको लागत स्टीमेट रु १,०२,६५,४८४।७३- (एक करोड दुई लाख पैसट्ठी हजार चार सय चौरासी र पैसा तिरहत्तर मात्र ) भ्याट बाहेक मात्र रहेको हुँदा न.पाको लागत स्टीमेट भन्दा बढी रकम कबोल गरेकोले सो मोटर ग्रेडरको बोलपत्र रद्द गरि पुनः ३० (तिस) दिने ई. वडिङ ( विद्युतीय माध्यम) बाट बोलपत्र आव्हान गर्ने ।

## निर्णय नं. ५

विराटनगर महानगरपालिका मातहत वडा कार्यालयहरुमा २०७४ फाल्गुण महिनादेखि मास्टररोलमा खटिएका विद्युत हेल्परहरुको ज्याला भुक्तानीकालागि बजेट शिर्षक नं.६.०५.५(११) नगर क्षेत्र भित्र सौर्यबत्ति जडान बाट खर्च गर्ने ।